**अर्थिक वर्ष २०८०/०८१ को**

# बजेट वक्तव्य

**सरुमारानी गाउँपालिका**

# गाउँकार्यपालिकाको कार्यालय

बड्डाँडा, प्यूठान

लुम्बिनी प्रदेश, नेपाल

सभाबाट स्वीकृत मिति:- २०८०/०३/०९

## सरुमारानी गाउँपालिकाको १३औं गाउँसभा
## गाउँपालिका उपाध्यक्ष श्री बसन्ता खड्काज्यूले पेश गर्नु भएको आर्थिक वर्ष २०८०/०८१ को बजेट वक्तव्यः

सभाध्यक्ष महोदय,

विशेष अथितिज्यू,

गाउँ सभा सदस्यज्यूहरु

नेपालको केन्द्रिकृत शासन व्यवस्थाको अन्त्य भै संघीय शासन प्रणालीको अभ्यास भए पछिको स्थानीय तहको दोस्रो निर्वाचन पश्चात गठन भएको यस गरिमामय गाउँसभामा आर्थिक बर्ष २०८०/०८१ को बजेट प्रस्तुत गर्न उपस्थित भएको छु।

आर्थिक बर्ष २०८०/८१ को बजेट प्रस्तुत गरिरहदा म संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणाली स्थापना सम्मका विभिन्न कालखण्डमा भएका राजनैतिक क्रान्ति तथा संघर्षहरुमा आफ्नो अमुल्य जीवन आहुति गर्नु हुने महान सहिद हरुलाई म स्मरण गर्न चाहन्छु । साथै घाइते आपांग र बेपत्ता नागरिकहरुलाई उहाँहरुले दिईएको योगदानको उच्च प्रशंसा गर्दछु। लोकतान्त्रिक गणतन्त्रात्मक संघीय शासन प्रणाली स्थापना गरी प्रत्यक्ष लोकतन्त्रको अनुभुति हुने स्वायत्त स्थानीय शासनको स्थापना गर्नमा हरेक तह र तप्काबाट योगदान दिने आम सरुमारानी बासी आमा बुबा, दाजुभाइ दिदि बहिनी सम्पुर्णलाई नमन गर्न चाहन्छु।

यस आ.व. २०८०।८१ को बजेटलाई आत्मनिर्भर सरुमारानी निर्माणको लागि कोषेढुङ्गा सावित हुने बजेटको रूपमा मैले लिएको छु । उत्पादनमुखी कृषि प्रणाली, बन्चितिकरण रहितको समावेशी सरुमारानी, भाषा कला साहित्य संस्कृतिको समुन्नत विकास सहितको समृद्व सरुमारानी निर्माणको जग बसाल्नमा यस बजेटले मद्त गर्नेमा म विश्वस्त छु।

हाम्रो गाउँपालिकाको न्युन आन्तरिक स्रोत, संघ र प्रदेश सरकारबाट प्राप्त हुने विभिन्न अनुदानका आधारमा गाउँपालिका भित्र रहेका विभिन्न जातजाती, लिङ्ग, भाषा, धर्म, पेशा, बर्ग र क्षेत्रका आम

नागरिकको विकास र समृद्धिको आकांक्षा सम्बोधन गर्न र निर्वाचनको समयमा घोषणापत्रमा गरिएका वाचाहरू पुरा गर्न यथासम्भव प्रयत्न गरी बजेट केन्द्रित गरिएको छ ।

सीमित स्रोत साधनलाई नागरिकको असिमित आकांक्षा पुरा गर्न आबस्यकता अनुसार प्राथमिकिकरण गरी योजना बनाई कार्यान्वियन गर्ने प्रयास गरेएको छ । विनियोजित बजेटको कुशल मितव्ययी रूपमा परिचालन गरी अपेक्षित उपलब्धी हासिल हुनेमा म विश्वस्त छु ।

सभाध्यक्ष महोदय,

अव म यस गाउँ सभामा चालु आ.व. ०७९/०८० को संसोधित अनुमान प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

चालु आ.ब २०८०/८१ मा यस सरुमारानी गाउँपालिकाको लागि संघीय सरकारबाट अन्तर सरकारी वित्तिय हस्तान्तरण अन्तर्गत वित्तिय समानीकरण अनुदान रकम रु. **७ करोड ९८ लाख,** शसर्त अनुदान चालु रू. **१६ करोड ८८ लाख २२ हजार** शसर्त अनुदान पुंजिगत रू. **२ करोड ६ लाख ६९ हजार** बिशेष अनुदान पुंजिगत रू. **१ करोड ४० लाख** समपुरक अनुदान रू. **२ करोड २० लाख गरी जम्मा रू. ३० करोड ५२ लाख ९१ हजार** रूपैयाँ प्राप्त भएको छ ।

त्यसै गरी प्रदेश सरकारबाट वित्तिय समानीकरण अनुदान अर्न्तगत रू. **४८ लाख २० हजार,** शसर्त अनुदान **रू. ८० लाख ,** समपुरक अनुदान **रू. ९३ लाख ९२ हजार ७ सय ८०,** बिषेश अनुदान **रू १ करोड २५ लाख** गरी जम्मा रू. **३ करोड ४७ लाख १२ हजार ७ सय ८० रुपैयाँ** प्राप्त भएको छ ।

त्यसै गरी राजश्व बाँडफाँडबाट तर्फ संघीय प्रदेश र स्थानीय बाँडफाँटबाट रू **. ६ करोड २१ लाख ३४ हजार ९ सय ७५ रूपैयाँ** प्राप्त भएको छ ।

त्यसै गरी गाउँपालिकाको आन्तरिक आयबाट **रू. ३७ लाख ८९ हजार ३ सय** ५७ र बैंक मौज्दात अल्या रकम रू. ४ **करोड ९७ लाख ९६ छयानब्बे हजार २ सय** ७५ गरी जम्मा रू. **५ करोड ३५ लाख ८५ हजार ३ सय ५७ रूपैयाँ आम्दानी भएको छ ।**

सभाध्यक्ष महोदय,

आर्थिक वर्ष २०७९/८० मा थपघट सहित विनियोजन गरिएको **कुल बजेट रु. ५० करोड ४८ लाख ३० हजार ९ सय ६७** मध्ये यो सभा चलिरहदा सम्म विनियोजित स्वीकृत बजेटको पुंजिगत र चालु गरी **६०.२० प्रतिशत** खर्च भएको छ।

अब म चालु आ.व.०७९/०८० मा हाल सम्म भएका मुख्य मुख्य उपलब्धिको समीक्षा प्रस्तुत गर्ने अनुमति चाहन्छु।

**भौतिक पूर्वाधार तर्फः**

- संघीय सरकारको समपुरक अनुदान ऐरावती बड्डाँडा पुठाखोला दाङ सडक स्तरउन्नती तथा कालोपत्रे योजनाको ७२० मि. कालोपत्रे र ६ किमी स्तरउन्ती भई हंसपुर देखि बड्डाँडा सम्मको यातयात सहज भएको हाल थप १ किमी कालोपत्रे र ४.५ किमी स्तरउन्तीको कार्य भईरहेको छ।
- प्रदेस सरकार समपुरकमा बड्डाडाँ उपल्लो खुट्टी तिराम मोटर बाटो आ.व. ०७८/०७९ देखि निर्माण सुरू भएको हालसम्म आर्थिक वर्ष २०७८/०७९ मा ६०० मिटर र थप चालु आ.व मा १२०० मिटर सडक निर्माण कार्य सम्पन्न भएको छ।
- गाउँपालिकाको सभाहल मर्मत तथा स्तरउन्नती गर्ने कार्य सम्पन्न भई सभा, बैठक तथा तलिम संचालनको लागि सहज भएको छ।
- प्रदेश सरकार समपुरक अनुदानमा कार्यान्वयनमा रहेको कुडुले सिरुबारी देउराली मोटरबाटो निर्माण वडा नं ४ को हालसम्म थप नयाँ ट्रयाक १.२ किमी निर्माण कार्य सम्पन्न भएको छ ।
- प्रदेश सरकार शसर्त विशेष तथा गाउँपालिकाबाट बजेट विनियोजन भई बांगेशाल सामुदयिक सिंचाई पोखरी निर्माण ४ वटा, गनाहखोला विरेकोवगर तटवन्ध तथा सिङ्चाइ कुलोनिर्माण, बुढिगहरा उपल्लो सिङ्चाइ कुलो योजना, बिरिङकोट छेडा देखी उपल्लो बिरिङकोट मर्साइटोला राङभाङ मो.बा. निर्माण जस्ता योजनहरुको निर्माण कार्य सम्पन्न तथा अन्तिम चरणमा रहेको छ
- चालु आ.व.को लागि विनियोजित बजेटबाट निर्माण भै रहेका गाउँपालिका स्तरीय र वडा स्तरीय योजना निर्माण सम्पन्नको अन्तिम चरणमा रहेका छन ।

**आर्थिक विकास तर्फको उपलब्धीः**

**कृषिः**

- १००% अनुदानमा तरकारीको बिउँ वितरणबाट करिब ५२६ भन्दा बढी परिवार लाभान्वित भएको छन् ।
- ६ वटै वडाहरुमा युवा लक्षित कृषि सम्बन्धि तालिम संचलान गरि १३२ जना युवालाई कृषि व्यवसायसम्बन्धि क्षमता अभिवृद्धि कार्यक्रम सम्पन्न भएको छ।
- ३७ जना कृषकहरुको लागि सना सिंचाइ प्रर्वद्धनको लागि पानि तान्ने मोटर वितरण भएको छ ।
- प्रधानमन्त्री कृषि आधूनीकिकरण परियोजना अन्तर्गत रू. १२ लाखमा वडा नं. ६ धौलाबाङमा मा मकै पकेट कार्यक्रम संचालन भएको छ ।
- प्रधानमन्त्री कृषि आधूनीकिकरण परियोजना अन्तर्गत आर्थिक वर्ष २०७८/०७९ मा स्थपान भएको अदुवा बेसार पकेट क्षेत्र सरुमारानी ६ किमिचौरमा रू. ६ लाखमा थप स्तरउन्नती तथा सहयोग गरियो ।
- पकेट क्षेत्र प्रोत्साहन कार्यक्रम मार्फत ८ वटा पकेट क्षेत्रमा माग भए बमोजिमका विभिन्न मल विउ, यन्त्रउपकरणहरुमा सहायता कार्यक्रम रु.६ लाख लागतमा कार्यान्वयनको अन्तिम चरणमा रहेको छ ।

**पशुपन्छी**

- प्रधानमन्त्री कृषि आधुनीकिकरण परियोजना अन्तर्गत बाख्रा पकेट निरन्तरता कार्यक्रममा ३९ जना कृषिक सदस्यहरुलाई रु. ७ लाखमा १/१ वटा प्रजनन योग्य माउ बाख्रा वितरण , बाख्रा क्यारिङ्ग तथा बिमा, औषधी वितरण कार्य सम्पन्न भएको छ ।
- ६ वटै वडाहरुमा पशु स्वास्थ्य घुम्ति सिविर कार्यक्रम अनुसार ६२९ घर परिवारका १३०७९ पशुपन्छिहरुमा औषधी उपचार तथा खोप कार्य मार्फत दुरदराजका परिवारहरुलाई पशु स्वास्थय सम्बन्धी सहज पहुँचमा टेवा पुगेको छ ।

- किसान सँग गाउँ सरकार कार्यक्रम अन्तर्गत रु. ३३ लाख लागतमा १३२ परिवारमा खोर तथा भकारो सुधार गरि पशु पालन व्यवसाय संचालनको लागि पूर्वाधार विकासमा सहयोग पुगेको छ।
- पोल्टी फर्म अनुदान कार्यक्रमा अन्तर्गत रु. १० लाखमा ६ जना किसानहरुलाई पोल्ट्रिफर्म सुधार तथा व्यवस्थापनमा सहयोग पुर्याई उत्पादन वृद्धिमा टेवा पुगेको छ।

**सामाजिक विकास तर्फ**

**शिक्षाः**

- चालु आ.व.मा संघको सशर्त अनुदान अन्तर्गत गाउँपालिकाका सबै विद्यार्थीलाई निशुल्क पाठ्यपुस्तक वितरण गरिएको छ, करिब ३५०० जना कक्षा १ देखि ६ सम्मका विद्यार्थीहरूलाई दिवा खाजा खुवाइएको छ।
- संघीय सरकारको शर्सत अनुदानबाट करिब ३००० जना विद्यार्थीले छात्रवृत्ति प्राप्त गरेका छन्।
- संघीय शसर्त अनुदान अन्तर्गको राष्ट्रपती शैक्षिक कार्यक्रम अन्तर्गत सरस्वती मा.वि. चाभा मा रु. ५० लाख लगतमा ४ कोठे भवन , खड्केश्वरी मा.वि. दर्भानमा रु . २५ लाख लागतमा २ कोठे भवन निर्माण कार्य अन्तिम चरणमा रहेको छ।
- संघीय शसर्त अनुदानमा सरस्वती मा वि बांगेशालमा रु. ५० लाख लागतमा पुस्तकालय तथा सभाहल निर्माण कार्य अन्तिम चरणमा रहेको छ।
- ४ वटा माध्यमिक विद्यालयमा पुस्तकालय, ICT र विज्ञान प्रयोगशाला स्थापना गरिएको छ ।
- मुख्यमन्त्री शैक्षिक सुधार कार्यक्रम मार्फत १५ वटा विद्यालयमा करिव रू. ३६ लाखको लागतमा रङरोगन, घेराबार, सौचालय निर्माण, र मर्मत सम्भार गर्ने कार्य अन्तिम चरणमा रहेको छ र ३ वटा विद्यालयमा जनशक्ति व्यवस्थापन भएको छ।
- मुख्य मन्त्री शैक्षिक सुधार कार्यक्रमबाटै शिक्षकहरुको लागि ICT तालिम तथा क्षमता विकास तालिम सम्मपन्न भएको छ।
- गाउँपालिकामा रहेका ११ वटा आधारभूत र मा.वि.को बीचमा राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता संचालन गरी खेलकुदको विकासमा टेवा पुग्न गएको छ।

- स्थानीय पाठ्यक्रम (कक्षा १-८ ) , पाठ्यपुस्तक (कक्षा१-५) लेखन कार्य सम्पन्न भई कक्षा १ देखि ३ सम्मको पाठ्यपुस्तक छपाईको कार्या कार्यान्वयनमा रहेको छ।

**स्वास्थ्यः**

- नवजात शिशुका लागि न्यानो झोला वितरण, पूर्ण खोप अभियान, पूर्ण सरसफाई अभियान,महिला स्वास्थ्य स्वंयम सेविकाहरूलाई खाजा खर्च लगायतका कार्यक्रमहरू सम्पन्न गरिएको छ।
- गाउँघर क्लिनिक संचालनबाट चालु आ.व. मा ११,५८९ जना ले सेवा प्राप्त गरेका छन भने स्वास्थ्य संस्थाबाट २५, ३४६ जनाले स्वास्थ्य सेवा प्राप्त गरेका छन।
- स्वास्थ्य संस्थबाट गरिने सुत्केरीको संख्यामा वृद्धि भई १८९ पुगेको छ।
- ढुङ्गढी स्वास्थ्य चौकीको लागि एम्बुलेन्स खरिद प्रकृया अन्तिम चरणमा रहेको छ।
- विद्यालय स्वास्थ्य शिक्षा, आमा समूह, स्वास्थ्य स्वंसेविकाहरूको क्षमता विकास तालिम लगायतका कार्यक्रम सम्पन्न भएको छ।
- क्षयरोग नियन्त्रण, टाइफाइट, वृहत पोषण प्याकेज, मातृ तथा नव शिशु कार्यक्रम लगायतका स्वास्थ्यकर्मी को क्षमता विकासका लागि तालिम संचालन गरिएको छ।

**महिला तथा बालबालिका**

- चालु आ.व. मा ५८ जना अनाथ बालवालिकाका भत्ता वाफत हालसम्म रु. ४ लाख ३९ हजार रुपैयाँ निकासा गरिसकिएको छ।
- ७८ जना ग वर्गका अपाङ्गलाई अपाङ्गत भत्ता वाफत रु ६ लाख ६ हजार रकम निकासा गरिएको छ।
- छोरी पेवा कार्यक्रम मार्फत ६०४ जना छोरीहरुको खातामा रु. २३ लाख २५ हजार ५ सय रुपैयाँ जम्मा गरिसकिएको छ।

**प्रधानमन्त्री रोजगार कार्यक्रम**

- प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत गाउँपालिकाका ८८ जना बेरोजगारहरूले १०० दिन बराबर काम प्राप्त गरेका छन् भने गाउँपालिकाको ६ वटै वडाका विभिन्न स्थानमा १२ वटा योजना मार्फत मोटरबाटो, ढुङ्गे सिँढि , गोरेटोबाटो, र मोटरबाटो मर्मत गर्ने कार्य सम्पन्न भएको छ ।

**बजार व्यवस्थापन**

- सरुमारानी गाउँपालिकाका विभिन्न स्थानमा रहेका बजार व्यवसायहरूको समय समयमा अनुगमन, निरिक्षण गरी व्यवसाय दर्ता, नविकरण, म्याद नाघेका बस्तु विक्री वितरणमा रोक लगायतका उपभोक्ता हित संरक्षण सम्बन्धी कार्य गरिएको छ ।
- यस आ.व. मा २ पटक बजार अनुगमन गर्ने कार्य सम्पन्न भएको छ ।

**अन्य**

- चालु आ.व. मा गाउँपालिकाको सहयोगमा फुसको छानो विस्थापन कार्यक्रम मार्फत कर्कट पाता वितरण गरी करिब १५० परिवारको घरको फुसको छाना जस्तापाताले विस्थापन गर्ने कार्य गरिएको छ ।

**सभाअध्यक्ष महोदय,**

अव म आगामी आ.व. ०८०/८१ को बजेटका उदेश्य र क्षेत्रगत प्राथमिकता प्रस्तुत गर्ने अनुमति चहान्छु । बजेटका उदेश्यहरू निम्न बमोजिम रहेका छनः

## बजेटका उद्देश्यहरु:

१. उपलब्ध सीमित स्रोत र साधनको उच्चतम परिचालन गरी आर्थिक क्षेत्रको सुदृढीकरण गर्दै विकास निर्माणको गतिलाई तिव्रता दिई समृद्ध सरुमारानी बनाउने,
२. कृषि क्षेत्रको उत्पादन र उत्पादकत्वमा वृद्धि गर्दै बजारीकरणमा जोड दिने,
३. सवै प्रकारका संक्रामक रोग र विपदबाट नागरिकको जीवनको रक्षा गर्दै जनजीवनलाई सहज र सुरक्षित बनाउने,

४. आधारभूत तह सम्मको शिक्षा अनिवार्य र माध्यमिक शिक्षालाई सर्व सुलभ र सहज बनाउने ,
५. स्थानीय सरकारको भूमिकामा वृद्धि गर्दै लोककल्याणकारी राज्यको अवधारणालाई अभिवृद्धि गर्दै मौलिक हक, अधिकारको प्रचलनमा जोड दिई सुशासन कार्यम गर्ने,

बजेटका उदेश्यहरू हासिल गर्न देहाय अनुसार क्षेत्रगत र कार्यक्रमगत प्राथमिकता निर्धारण गरिएको छ ।

क्षेत्रगत कार्यक्रमगत प्राथमिकताहरूः

१. आधारभूत भौतिक पुर्वाधार विकासका माध्यमबाट आर्थिक, सामाजिक क्षेत्रको अभिवृद्धि गरी गरिवी न्युनिकरणमा टेवा पुर्याउने,
२. वैज्ञानिक कृषि प्रणाली अवलम्बन गरी कृषिको आधुनिकिकरण, विविधिकरण तथा व्यावसायीकरणमा जोड दिई उत्पादन र उत्पादकत्व वृद्धि गर्ने र उत्पादनलाई बजार सम्म पहुँचयोग्य बनाउने,
३. सबै प्रकारका स्वास्थ्य जोखिमबाट नागरिकहरूलाई सुरक्षित राख्न र गुणस्तरीय स्वास्थ्य सेवा सर्वसुलभ बनाउन स्वास्थ्य संस्थाहरूको सुदृढिकरण र स्रोत साधन युक्त बनाउने,
४. शिक्षा क्षेत्रमा रहेको समस्यालाई क्रमशः योजनाबद्ध रूपमा समाधान गर्दै जाने,
५. लामो तथा छोटो अवधिका व्यवसायीक तथा सीपमुलक तालिमका माध्यमबाट सीपयुक्त जनशक्ति उत्पादन गरी रोजगारीको सिर्जना गर्ने,
६. आधारभूत मानव अधिकारको संरक्षण र सम्वर्धन गर्दै शिक्षा, स्वास्थ्य, स्वच्छ खानेपानी लगायतमा सम्पूर्ण जनताको पहुँच सुनिश्चितगर्ने,
७. सामाजिक, आर्थिक, लैंङ्गीक, धार्मिक, साँस्कृतिक असमानताको अन्त्य गर्दै समतामूलक समाजको निर्माण गर्ने,
८. सूचनाको हकको प्रत्याभूति, पारदर्शिता, जवाफदेहिता, भ्रष्टाचार नियन्त्रण लगायतको कार्यहरु मार्फत सुशासन प्रबर्धन गर्ने,
९. राजश्व परिचालन, करको दायरा वृद्धि तथा राजश्व चुहावट नियन्त्रण गरी आन्तरिक आयमा वृद्धि गर्ने ।

सभाध्यक्ष महोदय,

**अव म आर्थिक वर्ष ०८० / ८१ को आय र व्यय प्रस्तुत गर्न चाहन्छु ।**

## आय तर्फ

आर्थिक वर्ष ०८०/०८१ मा यस सरुमारानी गाउपालिकाको लागि सर्शत अनुदान अन्तर्गत संघिय सरकारवाट चालु तर्फ रु. **१६ करोड ३३ लाख** शसर्त अनुदान पुँजिगत तर्फ रू. **१ करोड ६ लाख** वित्तिय समानिकरण अनुदान संघीय सरकार वाट रु. **८ करोड २६ लाख त्यसैगरी** संघीय सरकारबाट बिषेश अनुदान पुँजीगतबाट रू. **१ करोड र** संघीय सरकार समपुरक अनुदानबाट रू. **८० लाख रुफैयाँ** गरी संघीय सरकारबाट अन्तर सरकारी वित्तीय हस्तान्तरण वाफत जम्मा **रु.२७ करोड ४५ लाख रुपैयाँ** आय अनुमान गरिएको छ।

त्यसै गरी प्रदेश सरकार बाट समानिकरण अनुदान वाफत रू **५५ लाख रुपैयाँ,** प्रदेश सरकार शसर्त अनुदान चालु वाफत रु. **१६ लाख ५० हजार** , प्रदेश सरकार शसर्त अनुदान पुँजीगत वाफत **६० लाख** र प्रदेश सरकार समपुरक अनुदान वाफत रु. **१ करोड** गरी जम्मा रू. **२ करोड ३१ लाख ५० हजार रुपैयाँ** आय अनुमान गरिएको छ।

त्यसै गरी राजश्व बाँडफाँड अन्तर्गत संघिय सरकारको मु.अ.कर र अन्तशुल्क वाफत रु.**८ करोड ६० लाख ७४ हजार ३ सय** , घरजग्गा रजिष्ट्रेशन दस्तुर वाफत रु. **१६ लाख**, प्रदेश सरकारबाट प्राप्त हुने राजश्व बाँडफाँट अन्तर्गत सवारी साधन कर वाफत रु. **३९ लाख १७ हजार १ सय ५२ रुपैयाँ** त्यसैगरी विज्ञापन कर वाफत रु. **३० हजार ८ सय ५५ रुपैयाँ** र बाँडफाँट भई प्राप्त हुने दहत्तर बहत्तरको बिक्रिबाट प्राप्त हुने आय वाफत रु. **७२ लाख रुपैयाँ** गरी जम्मा रु. ९ करोड ८८ लाख २२ हजार ३ सय ७ रुपैयाँ आय अनुमन गरिएको छ।

त्यसै गरी चालु आ.व. मा रहन सक्ने अल्या रकम रु.**३ करोड ५० लाख रुपैयाँ** यस सरुमारानी गाउँपालिकाको आन्तरीक स्रोतको रूपमा रु. **७८ लाख ८० हजार** गरी जम्मा आन्तरिक स्रोत रु.**४ करोड २८ लाख ८० हजार** रुपैयाँ अनुमान गरिएको छ ।

सभाध्यक्ष महोदय,

**यसरी आगामी आ.व. २०८०/०८१ को सरुमारानी गाउँपालिकाको जम्मा कुल वार्षिक बजेट रु. ४३ करोड ९३ लाख ५२ हजार ३ सय ७ रपैयाँ रहेको छ।**

## व्यय तर्फ

सभाध्यक्ष महोदय,

आर्थिक विकास तर्फ रु. **४ करोड १४ लाख ८० हजार रुपैयाँ** विनियोजन गरिएको छ। जस अन्तर्गत कृषि तर्फ रु. **१ करोड २३ लाख ८२ हाजर** , उद्योग तर्फ रु. **१६ लाख ७० हजार**, पर्यटन तर्फ **६ लाख ५० हजार**, सहकारी तर्फ रु. **१३ लाख ३५ हजार** , जलस्रोत तथा सिंचाई तर्फ रु. **१ करोड ०५ हजार**, वन तर्फ **१ लाख** र पशुपन्छी विकास तर्फ रु. **१ करोड ५३ लाख ३८ हजार** रुपैयाँ विनियोजन गरिएको छ।

त्यसै गरी सामाजिक बिकास अन्तर्गत रु. **२२ करोड ९४ लाख ५० हजार** विनियोजन गरिएको छ। जस अन्तर्गत सामाजिक सुरक्षा तथा संरक्षण तर्फ रु. **१७ लाख २९ हजार**, युवा तथा खेलकुद तर्फ रु. **३१ लाख ४० हजार,** खानेपानी तथा सरसफाई तर्फ रु. **१ करोड ०७ लाख ६५ हजार** रुपैयाँ, भाषा तथा संस्कृति तर्फ रु. **१५ लाख ६५ हजार**, शिक्षा तर्फ रु. **१६ करोड ३२ लाख ०१ हजार** , स्वास्थ्य तर्फ रु. **३ करोड ४८ लाख ८५ हजार** र लैंगिक समानता तथा सामाजिक समावेशीकरण तर्फ रु. **१ करोड ४१ लाख ६५ हजार** विनियोजन गरिएको छ।

सभाध्यक्ष महोदय,
त्यसैगरी पूर्वाधार विकास तर्फ रु. **५ करोड ७६ लाख** विनियोजन गरिएको छ। जस अन्तर्गत यातायात पूर्वाधार तर्फ रु. **४ करोड ५५ लाख ५० हजार**, भवन आवास तथा सहरी विकासको लागि रु. **४३ लाख ५० हजार**, उर्जा तर्फ रू**. २४ लाख र** सम्पदा पूर्वाधार तर्फ रु. **५३ लाख ५०** बिनियोजन गरिएको छ।

त्यसै गरी सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र तर्फ रु. १ करोड ८२ लाख ९९ हजार ३ सय ७ रुपैयाँ विनियोजन गरिएको छ। जसअन्तर्गत शासन प्रणाली तर्फ रु. १० लाख ९५ हजार, प्रशासकीय सुशासन तर्फ रु. ५ लाख , वित्तीय सुशासन तर्फ ३ लाख, कानून तथा न्याय तर्फ रु. ७ लाख ५० हजार , शान्ति तथा शुव्यवस्था तर्फ रु. ३ लाख, श्रम तथा रोजगारी तर्फ रु. ५९ लाख ७४ हजार रुपैयाँ, गरिबी निवारण तर्फ २ लाख ४० हजार, योजना तर्जुमा र कार्यान्वयन तर्फ रु. ३ लाख , अनुगमन तथा मुल्याङकन तर्फ रु. ६४ हजार, तथ्याङ्क प्रणाली तर्फ रु. ७ लाख ८५ हजार रुपैयाँ,

वातावरण तथा जलवायु तर्फ रु. ११ लाख १८ हजार रुपैयाँ, मानव संशाधन विकास तर्फ रु. ९ लाख ३६ हजार ३ सय ७ रुपैयाँ र विपद व्यवस्थापन तर्फ रु. २३ लाख २५ हजार रुपैयाँ विनियोजन गरिएको छ।

त्यस्तै गरी कार्यालय संचालन तथा प्रशासनिक क्षेत्र तर्फ रु. ९ करोड २५ लाख २३ हजार रुपैया विनियोजन गरिएको छ।

सभाध्यक्ष महोदय,
यसरी कुल बजेट अन्तर्गत पुजिंगत तर्फ रु. **१२ करोड ०९ लाख ७७ हजार रुपैयाँ अर्थात २७.५४** प्रतिशत र चालु तर्फ रु. **३१ करोड ८३ लाख ७५ हजार ३०७ रुपैयाँ अर्थात ७२.४६ प्रतिशत** वजेट विनियोजन गरिएको छ।

सभाध्यक्ष महोदय
अव म **आगामी आर्थिक वर्षको बजेट**का मुख्य कार्यक्रम तथा विनियोजन प्रस्तुत गर्ने अनुमति चाहान्छु।

**भौतिक पूर्वाधार विकासः**
सरुमारानी गाउँपालिका भौतिक पूर्वाधारको क्षेत्रमा स्थानीय तहको पूर्नसंरचना र गाउँपालिकाको गठन पश्चात गाउँपालिकाका दुर दराजका बस्तीहरूमा सीमित स्रोत साधनका बाबजुद् भौतिक पूर्वाधारको विकासमा तिव्रता दिएको छ। तै पनि हाम्रो भौगोलिक भु- बनोट, सिमित स्रोत साधन लगायतका जटिलताको कारण आशातित उपलब्धी हासिल हुन सकिरहेको छैन। यस बर्षको बजेटमा पनि पुँजिगत बजेटको धेरै हिस्सा भौतिक पूर्वाधारतर्फ विनियोजन गरिएको छ।

अव म आगामी आ.व.मा संचालन हुने मुख्य मुख्य योजना तथा कार्यक्रमहरू प्रस्तुत गर्दछु।
**भौतिक पूर्वाधार तर्फः**

१. ऐरावती बड्डाँडा पुठाखोला दाङ्ग सडक स्तरउन्नती योजनाको लागि संघीय सरकारको साझेदारीमा रु. १ करोड ६२ लाख ५० हजार रुपैया विनयोजन गरिएको छ।
२. कुडुले सिरुवारी देउराली मो.बा. स्तरउन्नोति वडा नं ४ योजनाको लागि रु.१२ लाख विनियोजन गरिएको छ।

३. दर्भान रन्ते मो बा कालोपत्रे गर्न रु. १२ लाख विनियोजन गरिएको छ।

४. विभिन्न आयोजना अन्य निकाय सँग साझेदारी गर्न रु. १० लाख विनियोजन गरिएको छ।

५. नर्सरी आँटीटार वडा कार्यालय मो बा कालोपत्रे गर्न रु.२५ लाख विनियोजन गरिएको छ।

६. टुनिखोला- उपल्लोखुट्टी मो बा मर्मत गर्न रु. ३ लाख विनियोजन गरिएको छ।

७. अधुरो रेडक्र भवन निर्माण कार्य पुरा गर्न रु. ४ लाख विनियोजन गरिएको छ।

८. झिलिवाङ विद्युत लाईन स्तरउन्नतीको लागि रु. ३ लाख विनियोजन गरिएको छ।

९. गाउँपालिका प्रशासकीय भवनको कम्पाउण्ड निर्माण गर्न रु. ४ लाख विनियोजन गरिएको छ।

१०. विभिन्न भौतिक संरचनाहरुको मर्मतको लागि मर्मत संभार कोषमा रु. १० लाख विनियोजन गरिएको छ।

११. संघीय सरकारको शसर्त अनुदानमा सुरक्षित नागरिक आवास कार्यक्रमको लागि रु. २६ लाख विनियोजन गरिएको छ।

१२. विभिन्न संघीय सरकारबाट झोलुङ्गेपुल क्षेत्रगत कार्यक्रममा स्वीकृत भएका झोलुङ्गेपुलहरु निर्माणको लागि रु. ३५ लाख विनियोजन गरिएको छ।

१३. प्रदेश सरकारको शसर्त अनुदानमा अझरे पूर्णगाउँ कर्लाङ कुर्लुङ सडक स्तरोन्नती गर्न रु. १० लाख विनियोजन गरिएको छ।

१४. प्रदेश सरकारबाट शसर्त अनुदानमा पाङवाङबाट वडा कार्यालय जोड्ने सडक निर्माणको लागि रु.१० लाख विनियोजन गरिएको छ।

१५. बड्डाँडा उपल्लोखुट्टी तिराम सडक निर्माणको लागि प्रदेश सरकारको साझेदारीमा रु. ५० लाख विनियोजन गरिएको छ।

१६. गढि रानीकुवा पर्यटन पूर्वाधार योजना कार्यान्वयनको लागि प्रदेश सरकारको साझेदारीमा रु.५० लाख विनियोजन गरिएको छ।

त्यसै गरी वडा तथा गाउँपालिकाबाट विभिन्न स्थानमा विभिन्न पूर्वाधार विकासका लागि कार्यक्रम तथा योजनामा आवश्यक बजेट विनियोजन अनुसूचिमा उल्लेख गरिएको छ।

## कृषि तथा पशुपन्छी तर्फः

सभाध्यक्ष महोदय

सरुमारानी गाउँपालिकाका अधिकांस जनताको जीवन यापनको मुख्य स्रोत कृषि भएको र कृषि उत्पादनले बर्ष भरी खाना नपुग्ने अवस्था रहेको छ । उत्पादित कृषि उपजको  बजार सम्मको पहुँच नहुदा कृषि निर्वाहमुखि भएको अवस्थामा कृषि उपजको बजारीकरणको र व्यवसायीकरण गर्न यो बजेट केन्द्रित गरिएको छ ।

१. प्रदेश सरकारको साझेदारीमा सरुमारानी नमुना कृषि तथा पशुपन्छी स्रोत केन्द्र विकास आयोजनामा रु. ६२ लाख ५० हजार रुपैयाँ विनियोजन गरिएको छ ।
२. संघीय सरकारको शर्सत अनुदानमा कृषि स्नातक करारमा भर्ना गर्न रु. ५ लाख विनियोजन गरिएको छ ।
३. हेफर प्रोजेक्ट मार्फत कार्यक्रम तथा योजना संचालन /कार्यान्वयन गर्न रु. ७५ लाख विनियोजन गरिएको छ ।
४. संघीय सरकारको विशेष अनुदानमा बेमौसमी तरकारी उत्पादनको लागि व्यवसायिक/ आधूनिक टनेल निर्माण गर्न रु. ११ लाख २० हजार विनियोजन गरेको छु ।
५. ६ वटै वडाहरुमा कोरेली पाडी वितरण गर्न रु. २८ लाख २० हजार विनियोजन गरिएको छ ।.
६. प्रदेश सरकारको शसर्त अनुदानमा बाख्रा प्रवर्द्धन कार्यक्रममा रु. १० लाख विनियोजन गरिएको छ ।

## स्वास्थ्य तर्फः

सभाध्यक्ष महोदय,

मानिसको सबै भन्दा ठुलो धन भनेको स्वास्थ्य नै हो । हरेक नागरिकले आधारभुत स्वास्थ्य सेवा प्राप्त गर्नु नैसर्गिक अधिकार हो । सरुमारानी गाउँपलिकाका हरेक वस्ती र टोलहरूमा स्वास्थ्य सेवाको पहुँच पुर्याउन गाउँपालिका लागि परेको छ ।

सोही अनुसार यस आ.व. मा गाउँपालिकाले स्वास्थ्य क्षेत्रमा ३ करोड ४८ लाख ८५ हजार रुपैयाँ विनियवजन गरेको छ ।

१. निशुल्क औषधी खरिदमा संघीय शसर्त समेत गरि यस वर्ष २० लाख ९२ हजार रुपैयाँ विनियोजन गरिएको छ ।

२. २ वटा खोप केन्द्र निर्माणको लागि रु. ५ लाख विनियोजन गरिएको छ।
३. संघीय शसर्त अनुदानबाट व्यहोरिने गरि स्वास्थ्य सेवाको भरपर्दो सुनिश्चिता गर्न पर्याप्त बजेट विनियोजन गरिएको छ।

**शिक्षातर्फ**

विद्यालय पूर्वाधार विकासका लागि प्राथमिकताका साथ शिक्षा क्षेत्रमा कुल बजेटको करिब ३७ प्रतिशत बजेट विनियोजन गरिएको छ।

१. गाउँपालिकाको आफ्नै स्रोतबाट गाउँपालिका शिक्षक अनुदान कार्यक्रम तथा बालविकास का.स. कर्मचारीको थप तलब भत्ताको लागि  रू. २ करोड ४५ लाख विनियोजन गरिएको छ ।
२. विद्यालयमा विद्यार्थी छात्रवृत्ति, दिवा खाजा, पाठ्यपुस्तक, लगायतका सवै क्रियाकलापको लागि बजेट बिनियोजन गरिएको छ।
३. श्रमरानी मा.वि. अधुरो भवन निर्माण गर्नका निम्ती रु. ८ लाख विनियोजन गरिएको छ।
४. भिमसेन मा.वि भवन निर्माण योजनाको लागि प्रदेश सरकारको साझेदारीमा रु. ५० लाख विनियोजन गरिएको छ।
५. शिक्षा संग सम्बन्धित अन्य विनियोजित कार्यक्रमहरू अनुसूचिमा रहका छन्।

**उद्योग तथा सीप विकास**

- लघु उद्यम विकास कार्यक्रम मेड्पाको लागि रु. ३० लाख रूपैयाँ गाउँपलिका र  संघीय सरकारको सशर्त अनुदान मार्फत रु. ११ लाख ६० हजार  विनियोजन गरिएको छ।
- महिला तथा वालबालिका, न्याय समिति , बुक्षेत्रीय पोषण तथा समावेशीकरणमा आवश्यक बजेट विनियोजन गरिएको छ।

अन्त्यमा आर्थिक श्रोत, नागरिक अपेक्षा र जनशक्ति वीचको तालमेल विना कुनै शासन पद्धति जीवन्त रहन सक्दैन। अतः प्राप्त श्रोतको यहाँको आवश्यकता अनुकुल दृढ इच्छा शक्ति सहित समुचित व्यवस्थापन तथा परिचालन गरी सुशासनको मर्मलाई साँच्चिकै व्यवहारमा परिवर्तन गर्ने चुनौती अहिले आएको छ। आवश्यकता र अपेक्षा असिमित छन् तर श्रोत सिमित छ। सिमित श्रोत साधनबाट अपेक्षित आशाहरु परिपूर्ति गर्न पक्कै पनि कठिन हुनेछ। यसकारण यहाँको माटो सुहाउँदो

आवश्यकताको आधारमा यो आ.व.मा सकिने योजना र क्रमागत संचालन गर्ने योजनाहरु वर्गीकरण गरी बजेट विनियोजन गरिएको छ । आशा छ त्यसको लागि गत आ.व.मा गरिएका कमजोरीहरुलाई सुधार गर्दै आगामी आ.व.मा हाम्रो क्षमता, वुद्धी विवेक र एकतालाई उच्चतम विन्दु सम्म प्रयोग गर्दै जनताको अपेक्षित आशाहरु पूरा गर्ने बाचा गर्दछौं । यसैगरी अन्त्यमा हाम्रो निमन्त्रणालाई स्वीकार गरी पाल्नुहुने विभिन्न अतिथिगण ज्यूहरु लगायत सम्पूर्ण गाउँपालिका सदस्यज्यूहरु प्रति हार्दिक आभार प्रकट गर्न चाहन्छु । आजको यस सरुमारानी गाउँपालिकाको गाउँसभालाई यहाँ सम्म ल्याई पुर्याउनु हुने भित्री आवरणबाट सहयोग पुर्याउने सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरु प्रति हार्दिक कृतज्ञता प्रकट गर्न चाहन्छु ।

धन्यवाद ।

सरुमारानी गाउँपालिका

सभाबाट स्वीकृत मिति- २०८०।०३।०९ गते